**भेरीगंगा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**छिन्चु, सुर्खेत**
कर्णाली प्रदेश, नेपाल

# स्थानीय राजपत्र

**खण्डः ०९ संख्याः ०२ मितिः २०८३/०३/३२ गते**

**भाग–२**

**भेरीगंगा नगरपालिका**

## बालकोष (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८३।०३।२९
प्रमाणिकरण मितिः २०८३।०३। ३१

**प्रस्तावनाः** भेरीगंगा नगरपालिकामा रहेका विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरुलाई आर्थिक सहयोग, उद्धार, संरक्षण, स्वास्थ्य उपचार तथा मनोबैज्ञानिक सहयोग उपलब्ध गराउन र बालबालिकाको पुनर्स्थापना गर्ने कार्यलाई प्रभावकारी बनाउन एक कोष स्थापना गरी कार्यान्वयन गर्न बान्छनिय भएकोले भेरीगंगा नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले बाल कोष (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३ जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम बाल कोष (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८३ रहेको छ ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशित भएको मितिबाट लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) “कार्यपालिका” भन्नाले भेरीगंगा नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ ।

(ख) "कार्यालय" भन्नाले भेरीगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

(ग) "कोष" भन्नाले नियम ३ बमोजिमको बाल कोष सम्झनुपर्छ ।

(घ) "बालबालिका" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७४ बमोजिम १८ वर्ष ननाघेका व्यक्तिलाई सम्झनुपर्छ ।

(ङ) "बाल हिंसा" भन्नाले सार्वजनिक वा निजी जीवनमा विद्यालयमा, घरपरिवार तथा अन्य स्थानमा हुने दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार, कसैप्रति शारीरिक, मानसिक वा यौनजन्य क्रियाकलापबाट हुने क्षति वा पीडा पुऱ्याउने कार्य सम्झनुपर्छ र सो शब्दले लिङ्गको आधारमा हुने वा हुन सक्ने कुनैपनि प्रकारको अपमानजन्य, धम्कीपूर्ण व्यवहार, दवाव वा स्वेच्छाचारी रुपमा कानुन प्रदत्त स्वतन्त्रताको उपभोग गर्नबाट बञ्चित गर्ने कुनै कार्य समेतलाई जनाउँछ ।

(च) "राहत" भन्नाले पीडित व्यक्तिलाई तत्काल जीवन निर्वाहका लागि उपलब्ध गराएको जिन्सी वा नगद सहयोग सम्झनुपर्छ ।

(छ) "विशेष संरक्षण भएका बालबालिका" भन्नाले बालबालिका अधिकार सम्बन्धी ऐन, २०७५ कोपरिच्छेद ५ को उपदफा १ बमोजिमका बालबालिकालाई सम्झनुपर्छ ।

(ज) "सञ्चालक समिति" भन्नाले नियम ५ बमोजिमको कोष सञ्चालक समिति सम्झनुपर्छ ।

३. **कोषको स्थापनाः** (१) भेरीगंगा नगरपालिका बाल कोष नामको एक कोष स्थापना गरिनेछ ।

(२) कोषमा देहायबमोजिमका रकमहरु रहनेछन्:-

(क) संघीय वा प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) व्यक्ति, संघसंस्थाबाट प्राप्त रकम,

(ग) नगरकार्यपालिका तथा नगरसभाबाट बिनियोजित रकम,

(घ) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

(३) उपनियम १ बमोजिमको रकम बैंकमा छुट्टै खाता खोली जम्मा गरिनेछ ।

(४) कोषको खाताको सञ्चालन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।







**४. कोषको उपयोगः**

(१) कोषको रकम देहायको कामका लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछः-

(क) तत्काल उद्धार गर्न,

(ख) औषधी उपचार गर्न,

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउन,

(घ) कानुनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न,

(ङ) विशेष संरक्षणको आवश्यकता भएका, हिंसा पीडित बालबालिका वा सडक बालबालिका वा प्राकृतिक विपतबाट प्रभावित बालबालिका वा अभिभावकविहीन बालबालिकाहरुको सर्वोत्तम हितका लागि पीडित बालबालिकाको पुनर्स्थापना गर्न,

(च) पीडितका लागि सञ्चालक समितिले तोकेबमोजिमको अन्य काममा ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि सञ्चालक समितिले पीडित बालबालिका तथा किशोर किशोरी वा लैगिंक हिंसाबाट प्रभावित भई लागुपदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका वालबालिका, महामारीबाट प्रभावित बालबालिकालाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

(३) प्रचलित कानुनबोजिम दोहोरो नपर्ने गरी सञ्चालक समिति र राहत समितिको सचिवालय तथा बैठक सञ्चालन गर्न लाग्ने खर्चका लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

(४) कोषको रकम नियम १, २ र ३ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

**५. सञ्चालक समिति गठनः**

(१) कोषको सञ्चालन, व्यवस्थापन तथा राहत वितरण गर्ने काम समेतका लागि एक कोष संचालक समितिको गठन देहायबमोजिम रहनेछ ।

(क) नगरपालिकाको उपप्रमुख : संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत : सदस्य

(ग) सामाजिक विकास समिति संयोजक : सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख : सदस्य

(ङ) महिला तथा बालबालिका शाखा प्रमुख : सदस्य-सचिव

(च) आवश्यकतानुसार यस समितिमा शिक्षा, स्वास्थ्य र प्रशासन सेवा वा कानुन शाखाका कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(२) संचालक समितिको सचिवालय नगरपालिकाको महिला तथा बालबालिका शाखामा रहनेछ ।

(३) आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञ तथा सरोकारवाला महानुभावहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

## ६. सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः

(१) सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) पीडित तथा प्रभावित बालबालिकाको तत्काल उद्धार, पुनर्स्थापना, राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने,

(ख) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(ग) अभिभावकविहीन बालबालिका, हिंसापीडित बालबालिका, सडक बालबालिका तथा संरक्षण गर्न आवश्यकता भएका बालबालिकाको औषधी उपचार गर्न, तत्काल उद्धार गर्न आवश्यक सहयोग उपलब्ध गराउने,

(घ) कानुनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न आवश्यक परेमा सो को व्यवस्था मिलाउने,

(ङ) स्थानीय तहमा बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संघसंस्थासँग समन्वय गर्ने,

(च) तत्काल उद्धार तथा राहत वितरणका लागि आवश्यक कार्य गर्ने,

(छ) अनुगमन गर्ने वा गराउने,

(ज) बालबालिकाको अधिकार सुनिश्चित गर्नका लागि स्थानीय स्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(झ) बालबालिकाको संरक्षणको निम्ति अन्य काम गर्ने वा गराउने ।

## ७. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन रकमको हद र आधारः

(१) यस कार्यविधिबमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराउन सकिनेछ ।

(क) अभिभावक विहीन हिंसापीडित बालबालिकालाई वडाको सिफारिस अनुसार बढीमा रु ५,०००। (पाँच हजार) सम्म,





बालकोष (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३

(ख) कानुनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि रु ५,०००। (पाँच हजार) मा नबढने गरी लागेको यथार्थ खर्च,

(ग) पुनर्स्थापनाका लागि बढीमा रु १०,०००। (अक्षरेपी रु दश हजार),

(घ) सञ्चालक समितिले तोकेबमोजिमका अन्य कामका लागि कामको प्रकृति हेरी बढीमा रु २०,०००। (बीस हजार)सम्म ।

(२) उपनियम (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिब कारण आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिब देखिएमा सञ्चालक समितिले त्यस्तो पीडितलाई रु.२५,०००। (पच्चिस हजार) नबढ्ने गरी मनासिब रकमथप गरी दिन सक्नेछ ।

(३) यस कार्यविधिमा अन्यत्र जनसुकै कुरा लेखिएको भएता पनि पीडितलाई तत्काल उद्धार, औषधी उपचार, पुनःर्स्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर तथा मानवीय क्षति हुने देखिएमा सञ्चालक समितिका अध्यक्षले सो प्रयोजनका लागि कोषबाट रु.१५,०००। (पन्ध्र हजार)मा नबढ्ने गरी मनासिब रकम सम्बन्धित पीडित बालबालिकालाई उपलब्ध गराउन सक्नेछ ।

## ८.राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनुपर्नेः

(१) यस कार्यबिधिबमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्ति (बालबालिका) ले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिब कारण खुलाई कार्यालयमा लिखित निवेदन दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएका निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नुपर्ने देखिएमा राहत समितिले नियम ७ को अधीनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

## ९.थप रकम निकासा माग गर्न सक्नेः

(१) नगरकार्यपालिकाबाट निकासा भएको रकम अपर्याप्त भएमा सञ्चालक समितिले सोको कारण खुलाई नगरपालिकासँग थप रकम माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम थप रकम माग भई आएमा नगर कार्यपालिकाले कार्यालयको आवश्यकता र औचित्यता हेरी कोषमा थप रकम निकासा दिन सक्नेछ ।

**१०. कोषको लेखा र लेखापरीक्षण:**

(१) कोषको आयव्ययको लेखा प्रचलित कानुनबमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट सालवसाली हुनेछ ।

(३) सञ्चालक समितिले बैठकमा आवश्यकता अनुसार नगरपालिकाको कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकका रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(४) सञ्चालक समितिको निर्णय सो समितिका सदस्य सचिवले प्रमाणित गरी सचिवालयमा सुरक्षित राखिनेछ ।

(५) सञ्चालक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

(६) कार्य विशिष्टीकरण र कार्यबोझका आधारमा सञ्चालक समितिले उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

**११. कोषको रकम फ्रिज नहुने:**

यो कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्य सम्म बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुनेछैन ।

**१२. प्रतिवेदन पेश गर्ने:**

(१) समितिले प्रत्येक ६ महिनामा सो समितिबाट भए गरेका कामकारवाहीको प्रतिवेदन कार्यपालिकामा पठाउनु पर्नेछ ।

(२) सञ्चालक समितिले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सो समितिबाट अघिल्लो आर्थिक वर्ष भरिमा भएगरेका काम कारबाहीको प्रतिवेदन स्थानीय तहको कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(३) नगरपालिकाले उपनियम (२)बमोजिमको प्रतिवेदन सार्वजनिक गर्न सक्नेछ ।

**१३. बैठक भत्ता:**

सञ्चालक समिति वा राहत समितिका अध्यक्ष वा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत नगर कार्यपालिकाको बैठक सरह रकम बैठक भत्ता वापत पाउनेछन् ।

**१४. निर्देशन दिन सक्ने:**

(१) नगर कार्यपालिकाले सञ्चालक समितिका कामकारबाहीका सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन तथा सुझाव दिन सक्नेछ ।





बालकोष (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३

(२) उपनियम (१) बमोजिम दिइएको सुझाव तथा निर्देशनको पालना गर्नु सञ्चालक समितिको कर्तव्य हुनेछ ।

**१५. सञ्चालक समितिको बैठक र निर्णय:**

(१) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) सञ्चालक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) संचालक समितिको बैठक बस्नु भन्दा कम्तीमा २४ घण्टा अगावै सञ्चालक समितिका सदस्य सचिवले बैठकमा छलफल हुन कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) सञ्चालक समितिका कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमासो समितिको बैठकको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) सञ्चालक समितिको बैठकको अध्यक्षता यस समितिका अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सञ्चालक समितिका उपस्थित सदस्यहरुले आफु मध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) सञ्चालक समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

**१६. कोष खारेज:** (१) कुनै कारणबस कोष सञ्चालन आवश्यक नदेखिएमा कोष खारेज भएमा कोषको रकम हस्तान्तरण सम्बन्धी निर्णय नगर कार्यपालिकाको बैठकबाट हुनेछ । नगर कार्यपालिकाको निर्णयबाट कोष खारेज गर्न सकिनेछ ।

## अनुसूची-१

(नियम ८ को (१) सँग सम्बिन्धित)

**सहयोग माग गर्ने निवेदनको ढाँचा**

**विषयः सहयोग उपलब्ध गराइ पाउँ।**

श्री अध्यक्ष ज्यू,
बालकोष सञ्चालक समिति, भेरीगंगा नगरपालिका छिन्चु, सुर्खेत ।

म.................................,..........................................................................मा बस्ने वर्ष.............को.....................रु................बाट पीडित भएको छु । मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ । म उपर मानसिक, शारीरिक..............................................................रु.हिंसा भएको कारणले मेरो सामाजिक/अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधी उपचार /कानुनी सहायता एवं परामर्श/उद्धार/मनोविमर्श/स्वरोजगार /पुनर्स्थापना/अन्यकामको लागि सहयोगको आवश्यकता परेको हुँदा स्थानीय बाल कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराई दिनहुन यो निवेदन पेश गरेको छु ।

निवेदकको:-
नाम थरः
ठेगानाः
दस्तखतः
मितिः





बालकोष (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३